**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ अगस्त २०२६**
समयः १८:५० - १६:०० बजे *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

- **राष्ट्रले भोली आफ्नो 80 औं स्वाधीनता दिवस मनाउनेछ।** राष्ट्रपति द्रौपदी मुर्मुले स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा अहिले 7 बजे राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ।

- प्रधानमंत्री नरेन्द्र मोदीले भोली दिल्लीको ऐतिहासिक लाल किल्लामा राष्ट्रीय ध्वज फहराउनु हुनेछ अनि देशलाई संबोधित गर्नुहुनेछ।

- आज कोलकाताको मौलालीमा पश्चिम बंगाल सरकारको आयोजनामा विभाजनको विभिषिका स्मरण दिवस पालन गरियो।

- नेताजी सुभाषचंद्र बोसलाई लिएर कथित आपत्तिजनक अनि अभद्र टिप्पणी गरेको घटना अघि आए पछि स्थानीय मानिसहरु अनि नेताजी समर्थकहरुमा आक्रोश बढेको छ ।

- सेवकमा ऐतिहासिक कोरोनेशन ब्रिजको विकल्पको रूपमा प्रस्तावित नयाँ पुल निर्माणको दिशामा एउटा ठुलो पाइला चाल्दै अतिरिक्त मेजर ब्रिज अनि त्येसको एप्रोच रोडको निर्माणका लागि नयाँ टेंडर जारी गरिएको छ ।

**राष्ट्रपति सम्बोधन**

**राष्ट्रले भोली आफ्नो 80 औं स्वाधीनता दिवस मनाउनेछ।**

राष्ट्रपति द्रौपदी मुर्मुले स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा आज राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ। राष्ट्रपतिको सम्बोधन अबको केहि क्षणपछि आकाशवाणीका सबै राष्ट्रिय च्यानलहरूमा प्रसारण गरिनेछ। यो दूरदर्शनका सबै च्यानलहरू मार्फत पनि प्रसारित गरिनेछ।

**प्रधानमंत्री - स्वतंत्रता दिवस**

प्रधानमंत्री नरेन्द्र मोदीले भोली दिल्लीको ऐतिहासिक लाल किल्लामा राष्ट्रीय ध्वज फहराउनु हुनेछ अनि देशलाई संबोधित गर्नुहुनेछ। हाम्रा संवाददाताले बताए अनुसार समारोह स्थलमा भारतीय वायुसेनाको दुई एमआई-17 हेलिकप्टरले पुष्प वर्षा गर्नेछ।

**विभाजन विभिषिका दिवस- मुख्यमंत्री**

कोलकाताको मौलालीमा पश्चिम बंगाल सरकारको आयोजनामा विभाजनको विभिषिका स्मरण दिवस पालन गरियो। यस अवसरमा बोल्दै मुख्यमंत्री सुभेन्दु अधिकारीले भन्नु भयो - बर्ष 1947 मा देश विभाजन हुन्दा मानिसरूले जून यातना, दुःख, कष्ट भोगे, जुन हत्या हिन्सा, लूटपाट, बलात्कार जस्तो अमानवीय यातना झेल्नु पर्यो, त्यो दिन फेरी भारतवासीले देख्नु नपरोस। यसैले त्यो त्रासदी स्मरण गर्नु जरूरी छ भन्दै उहाले अझ भन्नुभयो -देशवासीहरूमा एकता, सौहार्द र मानवता कायम होस अनि त्यस्तो अमानवीय दिन देख्न नपरोस् ।

सुन्नु होस एक रिपोर्ट-byte

(14 अगस्त भारतीय इतिहासको त्यो कालो अध्यायको दिन। देश स्वतन्त्र हुनु भन्दा एक दिन अघि सबै सुति रहेको बेला मध्यरात्रीमा भारतको विभाजन पण्डित जवाहरलाल नेहरूको कांग्रेसले स्वीकार्यो। मुस्लिम लिगको दुई राष्ट्र सीद्धान्त मुसलमानका लागि छुटै राष्ट्र हिन्दुहरू सित नबस्ने माग अघाड़ी कांग्रेसले घुंडा टेक्यो। भारतलाई टुक्रागरि पाकिस्तानको निर्माण भयो। अनि शुरू भयो हिन्दुहरूको राता रात नरसंहार। अंग्रेज वायसराय माउण्ट बैटन र शिर्ष अधिकार रेड क्लीपले मुसलमा बहुल क्षेत्रलाई पाकिस्तान बनायो।पाकिस्तानमा पर्न गएका छेत्रहरू विशेष गरी पंजाब प्रान्तमा झण्डै 10 लाख हिन्दू सित जैनहरूको कत्लेआम गरियो। हजारौं हिन्दु बालिका, दीदी बहिनीहरूको बलात्कार र हत्या गरियो। राता रात घर जग्गा जमीन दोकान, नौकरी पैशा भएकाहरू बेघर भए। यो केवल जमीनको विभाजन थिएन, यसले देशवासीहरूलाई गहिरो कहिलै न बिर्सने घाउ दियो। मानिसहरू आफ्नो सबै गुमाए बिस्थापित भए। फेरी फेरी भारत मजहबी कट्टरपंथीहरूको शिकार न होस देशवासीको एकता र सद्भाव साथै मानवता बलियो होस यसैले आज कालेबुंग दार्जिलिंग खर्साङ्ग मिरिक सिलगढी लगायत राज्यको हरेक ठाँउमा विभाजनको विभिषिका स्मरण दिवस राज्य सरकारले तथा कैयन सामाजिक संगठनहरूले पालन गरे।)

**हरघर तिरंगा..**

हर घर तिरंगा. अभियान अन्तर्गत आज सिलगढी, कालेबुंग, खर्साङ्ग, दार्जिलिंग र मिरिकमा जिल्ला प्रशासन तथा भारतीय जनता पार्टीले बेग्ला-बेग्लै तिरंगा र्यालीहरू निकाले। तिरंगा यात्रामा हजारौंको संख्यामा मानिसहरूले जोश र उत्साहका साथ भाग लिए। भारतीय जनता पार्टीले दार्जिलिंग पहाडमा हजारौंको संख्यामा तिरंगा झण्डाहरू आम मानिसहरूलाई वितरित गरेको छ। पहाड,समतल चारै तीर घर, दोकान, वाहन अनि सडकहरूमा तिरंगा  झण्डा फहराई रहेको  देखिन्छ। भोली 15 अगस्त स्वतंत्रता दिवसको अवसरमा कालेबुंग, दार्जिलिंग  मिरिक  खर्साङ्ग, सिलगढी सहित सबै जिल्लाहरूमा भव्य रूपमा स्वतंत्रता दिवस समारोहरू आयोजित गरिनेछ । भोलि बिहान सिलगढी खर्साङ्ग सहित अन्य धैरै स्थानमा स्वतंत्रता दिवस मैराथन दौड़को पनि आयोजना गरिने छ।

**आईपीएस अधिकारीहरू - सम्मानित**

कर्तव्यप्रति विशेष योगदानको लागि प्रत्येक वर्ष सरह यस वर्ष पनि स्वतन्त्रता दिवसको अवसरमा पुलिस अधिकारीहरूलाई पदकद्वारा सम्मानित गरिनेछ। भोली स्वतन्त्रता मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यका 14 जना आईपीएस अधिकारीहरूलाई सम्मानित गर्नुहुनेछ । यीमध्ये 6 जना अधिकारीहरूलाई असाधारण योगदानको लागि तथा अन्य अधिकारीहरूलाई सराहनीय सेवाको लागि सम्मानित गरिनेछ।

**नेताजी -आपत्तिजनक टिप्पणी**

नेताजी सुभाषचंद्र बोसलाई लिएर कथित आपत्तिजनक अनि अभद्र टिप्पणी गरेको  आरोपमा पक्राउ परेका आरोपितहरुमा अझ पनि कुनै पछुतो देखापरेको छैन । आज  कूचबिहारको कोतवाली थानाबाट न्यायालय लागिरहेको समय आरोपितहरु मद्धे एकजनाले  पत्रकारहरु अघि एक पल्ट फेरि नेताजीलाई लिएर विवादित बयान दिएका छन् ।पुलिसका अनुसार न्यायालयमा पेश गर्नको लागि थाना बाहिर लागिरहेको समय आरोपित पिंटू रायले कथित रुपमा नेताजी वॉर क्रिमिनल रहेको बताए । नेताजी सुभाषचंद्र बोसलाई लिएर  कथित रुपमा अपमानजनक अनि आपत्तिजनक टिप्पणिपछि कूचबिहार जिल्लामा धैरै विवाद उत्पन्न भएको छ । शिकायत प्राप्त भएपछि पुलिसले कार्रवाही गर्दै हिज राती कूचबिहार जिल्लाको बेग्ला-बेग्लै इलाकाहरुमा अभियान चलाएर कुल पांच जनालाई पक्राउ गरेको छ । घटना पछि स्थानीय मानिसहरु अनि नेताजी समर्थकहरुमा आक्रोश बढेको छ । विभिन्न संगठनहरु अनि स्थानीय नागरिकहरुले आरोपितहरु बिरुद्ध कानूनी प्रक्रिया अन्तर्गत कडा भन्दा कडा कार्रवाहीको मांग गरेका छन् । यसैबीच नेताजी माथि विवादित टिप्पणी मामलामा कूचबिहारका वरिष्ठ नेता तथा भाजपा का राज्यसभा सांसद नगेन राय उर्फ अनन्त महाराज बिरुद्ध प्रथमिकी दर्ता गरिएको छ ।

**कोरोनेशन ब्रिज - नया टेंडर जारी**

सेवकमा ऐतिहासिक कोरोनेशन ब्रिजको विकल्पको रूपमा प्रस्तावित नयाँ पुल निर्माणको दिशामा एउटा ठुलो पाइला चालिएको छ । टिस्टा नदीमा अतिरिक्त मेजर ब्रिज अनि त्येसको एप्रोच रोडको निर्माणका लागि नयाँ टेंडर जारी गरिएको छ । यो

परियोजना पश्चिम बंगालको दार्जिलिंग जिल्लामा राष्ट्रिय राजमार्ग -10 (पुरानो एनएच-31) को लगभग 591.310 किलोमीटर देखि शुरू हुनेछ। दार्जिलिंगका सांसद राजू बिष्टले आज प्रेस विज्ञप्ति जारी गर्दै यसबारे जानकारी दिनुभएको हो। सबैभन्दा महत्वपूर्ण कुरा यो छ कि कोरोनेशन ब्रिजको विकल्पको रूपमा प्रस्तावित परियोजनालाई अब पहिला निर्धारित चार लेनको सट्टामा सिक्स लेन हाईवेको रूपमा विकसित गरिनेछ।क्षेत्रका मानिसहरुका लागि कोरोनेशन ब्रिजको विकल्पको रूपमा नयाँ पुलको निर्माण लामो समयदेखि प्रमुख मांग रहेको छ। नयाँ टेंडर जारी भएपछि अब यस बहुप्रतीक्षित परियोजना चाडै शुरू हुने आशा छ। यस अवसरमा सांसद राजू बिष्टले दार्जिलिंग , तराई अनि डुआर्स क्षेत्रका मानिसहरुको तर्फबाट केंद्र सरकार, सड़क परिवहन एवं राजमार्ग मंत्रालय तथा एनएचएआई का अधिकारिहरु प्रति आभार व्यक्त गर्नुभएको छ।

**पश्चिम बंगाल बांग्लादेशी पक्राउ**

मुर्शिदाबाद जिल्लाको लालगोला पुलिस थाना अन्तर्गत बालीग्राम क्षेत्रबाट पुलिसले हिज सात जना संदिग्ध बंगलादेशी नागरिकलाई पक्राउ गरी हिरासतमा लिएको छ। ।पुलिसका अनुसार, उनीहरू बंगलादेशको राजशाही जिल्लाका बासिन्दा हुन्। उनीहरू केही महिनाअघि भारत-बंगलादेश सीमा हुँदै अवैध रूपमा भारत प्रवेश गरेको र पछि कामको खोजीमा दक्षिण भारत गएको आरोप छ। लगभग एक हप्ताअघि उनीहरू सियालदह हुँदै रेलबाट लालगोला फर्किए र बाली गाउँमा बसोबास गरिरहेका थिए।

**********